दर्ता नं.: ४०५-०५५/०५६
केन्द्रीय कार्यालय स्थानान्तरण :२०७८/१०/२६

नेपाल एल.पि. ग्याँस उद्योग संघ
Anamnagar, Anam Marga
Kathmandu, Nepal

# प्रेस विज्ञप्ति

मिति: २०८२ भदौ २५ गते ।

२०८२ साल भाद्र २३ गते देशका विभिन्न स्थानमा जेन–जी पुस्ताले सामाजिक, डिजिटल र शुसासनका लागि सञ्चालन गरेको शान्तिपूर्ण आन्दोलनमा भएको त्रासदीप्रति नेपाल एलपी ग्यास उद्योग संघ गहिरो दुःख व्यक्त गर्दछ।

उक्त आन्दोलनमा १९ जना होनाहार युवा आन्दोलनकारी र प्रहरी तथा अन्य नागरिकसहित २३ जनाको अकाल मृत्यु भएको र ३५० भन्दा बढी घाइतेहरू अहिले पनि उपचाररत हुनुमा हामी अत्यन्तै मर्माहत छौं । मृतकहरूको आत्माको चिरशान्ति कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

हामी यसै सन्दर्भमा सार्वजनिक र निजी सम्पत्तिमा भएको तोडफोड र आगजनीबाट मुलुक र व्यवसायीहरूले बेहोर्नु परेको अतुलनीय क्षतिप्रति पनि गहिरो दुःख व्यक्त गर्दछौं । वस्तुगत संघ यस आन्दोलनका क्रममा विभिन्न स्वार्थका लागि 'धमिलो पानीमा माछा मार्ने' उद्देश्यले गरिएको घुसपैठलाई कडाइका साथ निन्दा गर्दछ । यस अवस्थामा, राजनीतिक दल, नागरिक समाज, व्यवसायी समुदाय र सबै नागरिकलाई संयम रहन, शान्ति सुरक्षा कायम राख्न र अमन–चैन कायम राख्नका लागि सहयोग गर्न अपिल गर्दछौं ।

घाइतेहरूप्रति अनदेखा हुनु हुँदैन । घटनाका घाइते धेरै अस्पतालमा आफन्त विहीन अवस्थामा छन् । उनीहरूको तत्काल उचित उपचार र सहयोग सुनिश्चित गर्नु हामी सबैको साझा जिम्मेवारी र कर्तव्य हो । समस्या समाधानका लागि आफ्नो क्षेत्रबाट सहयोग गर्न इच्छुक जेन–जी युवासहित सबैलाई संघको तर्फबाट अनुरोध गर्दछौं ।

नेपाल एलपी ग्यास उद्योग संघ विश्वास गर्दछ कि देशको शान्ति, स्थिरता र विकास वार्ता, समझदारी र आपसी सम्मानको माध्यमबाट मात्र सम्भव छ । हामी सबैले मिलेर यही मार्ग अपनाउनुपर्ने बेला आएको छ । संघको तर्फबाट हामी सबैलाई आग्रह गर्दछौं, हिंसा र विनाशबाट टाढा रहौं, मानव जीवनको रक्षा र घाइतेहरूको सहयोगमा एकजुट होऔं । समस्याको समाधान वार्ता, समझदारी र आपसी सम्मानको बाटोबाट मात्र सम्भव छ।

शिव प्रसाद घिमिरे
अध्यक्ष
एलपी ग्यास उद्योग संघ, परिवार

CamScanner